# जूनकीरी

मासिक भित्ते पत्रिका

वर्ष– २, पूर्णाङ्क– २१, पुस २०६२, (Dec., 2005) काठमाडौं


# बालबालिकाले अभिभावकलाई डोर्‍याए

भुराहरूले के गर्न सक्छन र भन्ने अभिभावकहरूलाई गतिलो काम गरेर देखाइदिएपछि बालबालिकाहरू समाजका अगुवा नै रहेछन् भन्न थालेका छन् धादिङ सल्यानटारका अभिभावकहरू। सदरमुकामदेखि एक दिनको पैदल यात्रापछि मात्र पुगिने गाविसका बालबालिकाले एकवर्ष अगाडि गठन गरेको बाल क्लबले गरेका काम देख्दा त्यहाँका अभिभावकहरू उनीहरूलाई स्यावासी मात्र होइन आर्थिक र भौतिक सहयोग गर्न समेत अगाडि सरेका छन् ।

गतवर्ष विजयादशमीको दिन स्थापना भएको राम्चे चौतारी बाल क्लबले एक वर्षमा थुप्रै सामाजिक जीवनका महत्वपूर्ण काम गरेर देखाइदिएको छ। क्लब स्थापनामा सबैभन्दा पहिले *शिक्षा पत्रकार समूह*ले प्रकाशित गरेको *'जूनकीरी'* र *वातावरण पत्रकार समूह*को *'वातावरण'* भित्ते पत्रिकाको नमूना देखेपछि उत्साहित भएर उनीहरूले भित्ते पत्रिका प्रकाशन गर्न सुरु गरे। गतवर्ष मंसिरमा जूनकिरीमा 'सिर्जनशील काममा जुटे सल्यानटारका बालबालिका' भन्ने समाचार छापिएपछि त अझै सिर्जनाकर्ममा जुट्न प्रेरणा मिलेको क्लबका अध्यक्ष रविन श्रेष्ठ बताउँछन्। पढ्न नजान्नेहरूसमेत अरुको सहारामा 'भुराहरूले के लेखेछन्, सुना न' भन्ने बानी परेको स्थानीय समाजसेवी तपनारायण श्रेष्ठ बताउँछन्।



क्लब स्थापना भएको एक वर्षमै क्लबको संयोजनमा सामुदायिक पुस्तकालय समेत स्थापना भएको छ। पुस्तकालयमा अहिलेसम्ममा ३५ सय पुस्तकहरू संकलन भइसकेको क्लबका अध्यक्ष एवं पुस्तकालयका संयोजक रविन श्रेष्ठको दावी छ।

एकवर्षकै अवधिमा सांस्कृतिक कार्यक्रम र देउसीभैलोलगायतका कार्यक्रमबाट झण्डै ३५ हजार रुपैयाँको आम्दानी गर्नसमेत क्लब सक्षम भएको देख्दा स्थानीय गाउँलेहरू अब भुरा भन्न छोडेर बालबालिकाहरू भन्न थालेका छन्। "हामीलाई समेत सम्मानको भावनाले हेर्न थालिएको छ," क्लबका सचिव रामकृष्ण श्रेष्ठको अनुभव छ। अहिले उनीहरूद्धारा निर्देशित नाटकलाई छेउछाउका विभिन्न विद्यालयमा प्रस्तुत गरिदिनुपर्‍यो भनेर माग गरिएको क्लबले जनाएको छ। "हामी हाम्रो पढाइ र घरको काम गरेर समेत समय मिलाउँदै कार्यक्रम लैजान जुटेका छौं।" उपाध्यक्ष अनिता बुर्लाकोटी भन्छिन्।

विद्यालयको पढाई, घरको काम र बाँकी समय क्लबमा आएर अध्ययन गर्नु त्यस क्षेत्रका बालबालिकाको दैनिकी भएको छ। क्लबले पहिले सल्यानटार गाविसमा रहेका विद्यालय र त्यसपछि आसपासका विद्यालयसमेतलाई भित्तेपत्रिका प्रकाशन गर्न सहयोग गर्ने पदाधिकारीहरू बताउँछन्।

ललितपुरबाट प्रसारण हुने *पर्यावरण चक्र एफएम*बाट प्रत्येक शनिवार बेलुकी ५ देखि ६ बजेसम्म प्रसारित हुने *'बाल आवाज'* कार्यक्रमको स्रोता क्लब समेत गठन गरी सामुहिक रुपमा कार्यक्रम सुन्ने र पत्र पठाउने गरेका छन्। क्लबले गाउँमा वातावरण सचेतना कार्यक्रमसमेत सुरु गरेको छ। प्रत्येक महिना गाउँमा सरसफाई अभियानअन्तर्गत शनिवार कुचो लिएर टोल सफाई अभियान नाम दिएर प्लाष्टिक टिप्ने, सरसफाई र स्वास्थ्यबारे जानकारी दिने निर्णय गरेर पदाधिकारीहरू जुटेका छन्।

स्थानीय समाजसेवी स्व. पं. भवकृष्ण पाण्डेको स्मृतिमा उहाँका नातिले यसैवर्षदेखि रु. दस हजार पाँच सयको अक्षयकोष खडागरी स्थानीय समाजसेवी र बालबालिकाको शिक्षामा प्रबर्द्धन गर्नेलाई पुरस्कार र सम्मान गर्ने जनाएका छन्।

क्लबले स्थापना गरेको सामुदायिक पुस्तकालयमा शिक्षा पत्रकार समूह, नागार्जुन साहित्यिक प्रतिष्ठान, रुम टु रीड, यातनापीडित सरोकार केन्द्र, हातेमालो सञ्चार, नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन), विद्यार्थी पुस्तक भण्डारलगायतका संघसस्थाबाट पुस्तक पत्रपत्रिका सहयोग भएको छ।

● **भरत शर्मा/धादिङ**

## जहाँ विद्यार्थी लिन घर घर जानुपर्छ

प्रत्येक बालबालिका आमाबाबुबाट माया र स्नेह चाहन्छन्। अशक्त र सुस्त मनस्थितिपीडित बालबालिकालाई सामान्य स्वास्थ्य भएकालाई भन्दा बढी माया र स्नेहको खाँचो हुन्छ। अमरगढी नगरपालिका-५, जिलोडास्थित पूर्णगिरी प्राथमिक विद्यालयमा सञ्चालित विशेष शिक्षाअन्तर्गत रहेका बालबालिकाहरूले अभिभावकको सामान्य माया र स्नेहसमेत पाएका छैनन्। विद्यालयका स्रोत शिक्षक उदयबहादुर पाठकका अनुसार यस केन्द्रमा सात विद्यार्थी अध्ययनरत छन्। यी सबै विद्यार्थी सुस्त मनस्थिति भएका बालबालिका हुन्।

विद्यालयमा रहेका छोराछोरीप्रति अभिभावकको कुनै चासो नभएको गुनासो शिक्षक पाठकको छ। दृष्टिविहीन, सुस्त मनस्थिति, बहिरा छोराछोरीप्रति आभिभावकले गर्ने व्यवहार चित्रण गर्दै शिक्षक पाठक भन्छन्– 'यस्ता खालका छोराछोरीलाई टाढा राख्न पाए कसिङ्गर फालेको सम्झन्छन् अभिभावकहरू।'

विद्यालय सञ्चालन समयमा विशेष शिक्षा अन्तर्गतका विद्यार्थीहरूलाई खाने र बस्ने व्यवस्था विद्यालयले नै उपलब्ध गराउँछ। महिनौ बित्दासमेत आफ्ना छोराछोरीलाई एकपल्ट पनि भेट गर्न नआउने अभिभावकप्रति गुनासो गर्दैशिक्षक पाठकले भने, "बोलाउँदा त आउँदैनन् भने आफैं आउने आशा कसरी गर्नु?" उनी भन्छन्, "विद्यालयदेखि आधा घण्टाको दूरीमा रहेका अभिभावकसमेत छोराछोरीलाई भेट्न आउँदैनन्।"

छोराछोरीलाई फालेका कसिङ्गरझैं अभिभावकले गरेको व्यवहार शिक्षक पाठकलाई त्यति अनौठो लाग्दैन। तर विद्यालय बिदा हुने बेलामा अभिभावकहरू छोराछोरीलाई लिन पनि नआउने र पुर्‍याउन पनि नआउने बताउँदै शिक्षक पाठक भन्छन्–'विद्यालय बिदा भएपछि आफैंले घर पुर्‍याउनु पर्छ र लिन पनि जानुपर्छ।' यस केन्द्रमा जिल्लाको दक्षिणी भेग जोगबुढा र आलितालका विद्यार्थीहरू छन्भने एक जना बैतडीका पनि छन्। यी सबैलाई बिदामा घर पुर्‍याउने र पढाइ सुरु भएपछि लिन जानु शिक्षक पाठकको कर्तव्य जस्तै भएको छ।

जिल्लाभरिमा सातवटा विशेष शिक्षाकेन्द्रहरू सञ्चालित छन्। यीमध्ये तीनवटा सुस्त मनस्थिति, तीनवटा बहिरा र एकवटा दृष्टिविहीनको लागि विशेष शिक्षाका कक्षाहरू छन्। यी सबै केन्द्रको समस्या एकै भएको र चित्त बुझाउने बाटो रहेको बताउँदै ठट्यौली शैलीमा शिक्षक पाठक भन्छन्-'सबै स्रोत शिक्षकले विद्यार्थीलाई घर पुर्‍याउने र घरबाट ल्याउने काम गर्दै आएका छौं।' पाँचदेखि १५ वर्षसम्मका बालबालिकालाई भर्ना गरिने यस शिक्षामा एक विद्यार्थी पाँच वर्षसम्म रहन सक्ने प्रावधान छ।

● **एमडी कुलुङ/डडेल्धुरा**

## शौचालय विद्यालय



गुलरिया -८, बर्दियास्थित बालमन्दिर प्राविका २ कक्षाकोठा, २ वटा कक्षाकोठा जग मात्र उठाइएको अवस्थामा र ८ वटा शौचालय। तस्वीरहरू: सरोज रेग्मी

**कक्षाकोठा बनाउँदा धेरै खर्च लाग्ने भएकोले थोरै सहयोग गरेर सहयोग गरेको देखाउनको लागि मात्र शौचालय निर्माणमा सहयोग गर्ने प्रवृत्ति नै रहेको अध्यक्ष गिरीको अनुभव छ।**

**जिल्लामा उपलब्ध** सेवा सुविधाले घेरिएको सदरमुकामकै विद्यालयको भौतिक पूर्वाधार दयनीय छ, विद्यार्थीहरू रुखमुनि बसेर पढ्नुपर्छ भन्दा विश्वास गर्न गाह्रो पर्छ। तर, बर्दिया जिल्लाको सदरमुकाम गुलरियाकै प्राथमिक विद्यालयहरूले वर्षौंदेखि यस्तै नियति भोग्दै आएका छन्।

कहिं कतैबाट सहयोग नपाएर विद्यालयहरूको हालत यस्तो भएको चाहिं होइन। विद्यालयको आवश्यकता अनुरुपको क्षेत्रमा भन्दा पनि आफ्नो स्वार्थको क्षेत्रमा सहयोग गर्ने संस्थाहरूको व्यवहारका कारण विद्यालयहरूले सहयोग पाइरहँदा पनि उनीहरूको स्थिति उस्तै रहन गएको हो। यी विद्यालयहरूमा कक्षाकोठाभन्दा शौचालयहरू धेरै छन्। त्यस्तै शौचालयहरू पक्की छन्, कक्षाकोठा भने छाप्राले बनेका छन् यसको एउटा उदाहरण हो- बालमन्दिर प्रावि।

तीनसय विद्यार्थी अध्ययनरत यो विद्यालयमा २ वटा अस्थायी (छाप्रा) सहित ६ कोठा मात्र छन्। तीमध्ये एउटामा कार्यालय कोठा र अर्कोमा भण्डार (स्टोर) रहेको छ। तर, यसै प्राविमा शौचालय भने १० वटा छन्। त्यस्तै अवस्था छ गुलरिया- ६ स्थित वालापुर प्राविको पनि। जहाँ शौचालय र कार्यालय अनि भण्डारसहित कक्षाकोठाको संख्या ६/६ वटा रहेको छ। यस प्राविमा विद्यार्थीको संख्या २ सय ३५ छ। गुलरिया-५, वेचैपुरको भानु प्राथमिक विद्यालयको अवस्था पनि त्यस्तै छ। सदरमुकाम गुलरियाको मात्र नभई जिल्लाका धेरै प्राथमिक विद्यालयहरूमा कक्षाकोठाभन्दा शौचालयहरूको संख्या धेरै रहेको स्थानीय कृष्णासार साप्ताहिकका सम्पादक कृष्ण भण्डारी बताउँछन्।

यस्तो किन भएको हो त? भण्डारीको आरोपमा सहमत बालमन्दिर प्राविका व्यवस्थापन समिति अध्यक्ष थमन गिरी भन्छन्- संस्थाहरूको स्वार्थ। प्याकेज भन्दै संस्थाहरूले एउटा कक्षाकोठा सहयोग गर्दा २/३ वटा शौचालय बनाइदिने र कतिपयले कक्षाकोठाभन्दा पनि शौचालयमात्रै बनाइदिने गरेको गिरीको भनाई छ। विद्यालयमा



गुलरिया -८, बर्दियास्थित बालमन्दिर प्राविका २ वटा अस्थायी कक्षाकोठा र थप २ शौचालयहरू।

२ वर्षदेखि २ वटा कोठाको जग आर्थिक अभावमा त्यत्तिकै छ तर त्यसपछि एक संस्थाले शौचालयको लागि सहयोग गर्‍यो। कक्षाकोठा बनाउँदा धेरै खर्च लाग्ने भएकोले थोरै सहयोग गरेर सहयोग गरेको देखाउनको लागि मात्र शौचालय निर्माणमा सहयोग गर्ने प्रवृत्ति नै रहेको अध्यक्ष गिरीको अनुभव छ।

भानु प्राविका प्रधानाध्यापक वासुदेव पौडेल पनि गैरसरकारी संस्थाहरूले विद्यालयहरूको आवश्यकताभन्दा पनि आफ्नो स्वार्थमा केन्द्रित रही मात्र सहयोग गर्न तयार हुने गरेको बताउँछन्। "पुस्तकालय जस्ता रचनात्मक क्षेत्रमा सहयोग गर्न कोही तयार भएका छैनन्," प्रअ पौडेलको अनुभव छ। त्यस्तै, अनुभव वालापुर प्राविका प्रअ मुकुन्द ज्ञवाली पनि सुनाउँछन्। "पछि काम लाग्ला भनेर जस्तै सहयोग पनि स्वीकार गर्नुपर्ने बाध्यता छ," बालमन्दिर प्राविका अध्यक्ष गिरी भन्छन्, "त्यस्तै गर्दागर्दै विद्यालय हाता नै शौचालयले भरिन लाग्यो।"

● **सरोज रेग्मी/बर्दिया**

## उभिएरै पढ्न बाध्य छन् विद्यार्थी

पर्याप्त कक्षाकोठा नहुँदा पृथ्वीप्रकाश मावि, कोलडाँडाका विद्यार्थी कक्षाकोठामा उभिएरै पढ्न बाध्य भएका छन्। हिउँद याममा चौरमा पढ्ने विद्यार्थी बर्खाको समयमा कक्षाकोठाभित्र उभिएर पढ्नुपरेको हो।

विद्यालयको भवन जीर्ण भएको र आर्थिक अभावका कारण अर्को भवन बनाउन नसक्दा विद्यार्थीले समस्या व्यहोर्नु परेको हो। १० वटा कोठा रहेको भवनको ५ वटा कोठामा वर्षाको समयमा पढाउन सक्ने अवस्था नभएको प्रधानाध्यापक खोमवहादुर सारुले बताए।

उनका अनुसार यसपटक कक्षा १ मा अत्यधिक विद्यार्थी भर्ना भएकोले पनि थप समस्या भएको हो। नजिकमा अन्य प्राथमिक र निमावि नभएकोले यहाँ विद्यार्थीको अत्यधिक चाप भएको विद्यालयका प्रधानाध्यापक सारुले बताए।

विद्यालयमा कोलडाँडा र गोठादी गाविसका विद्यार्थी पढ्न आउँछन्। विद्यालयमा १४ वटा कोठा भएपनि विद्यार्थी राख्न मिल्ने कक्षाकोठा भनेको ८ वटा मात्रै छ। अरु कोठा चुहिने गरेकोले वर्षाको समयमा विद्यार्थी राख्न मिल्दैन।

धेरै वर्ष अघि चारसय विद्यार्थी हुँदा बनाएको कक्षा कोठा ६ सय ५० विद्यार्थी हुँदा थप समस्या भएको हो। विद्यालय व्यवस्थापन समितिका सदस्य प्रेमलाल दर्लामीका अनुसार सेक्सन छुट्याउन शिक्षक नपुग्ने, कक्षा कोठा थप्न बजेट नहुने समस्या भएको छ।

पानी नआउँदा छहारीमुनी राखेर विद्यार्थी पढाउने गरिएको छ। धेरै विद्यार्थी हुँदा फर्निचरको समस्या भएको छ। जिल्ला शिक्षा कार्यालयमा धेरैपटक गुनासो गर्दा समेत सुनुवाई नभएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनवहादुर आले बताउँछन्।

● **माधव अर्याल/पाल्पा**

**पानी नआउँदा छहारीमुनी राखेर विद्यार्थी पढाउने गरिएको छ। धेरै विद्यार्थी हुँदा फर्निचरको समस्या भएको छ।**



काम चलाउ यो विद्यालय भवन पनि ढल्ने अवस्थामा छ

तस्वीर: माधव

एमएस नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोन: ४२५७६५५, फ्याक्स: ४२१८६८६ इमेल: junkiri@ejg.org.np, वेबसाइट: www.ejg.org.np, पो.ब.नं. २१८४३, मुद्रण: युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, सम्पादन: पदम गौतम